नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१९६ दायर मितिः-२०८१/०८/१७**

**फैसला मितिः-२०८१/०८/१७**

**वादी**

**प्र.ब.ना.नि. गोरख बहादुर शाहीसमेको प्रतिवेदनले**

**प्रतिवादीहरु**

**जिल्ला पर्सा सखुवाप्रसौनी गा.पा.वडा नं.५ महुवनटोल बस्ने जलेश्वर रौनियारको छोरा वर्ष १८ को सोलु कुमार रौनियार समेत २ जना**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का

३. हामीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।

४. प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका प्रिन्स कुमार सहनी समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०७।२५ गते साँझ अं.२०:१५ बजेको समयमा जिल्ला पर्सा बि.म.न.पा.वडा न.१७ अलौ स्थित खटीएको प्रहरी गस्ती टोलीले गस्ती गर्दै जाने क्रममा वारदात स्थानमा पुग्दा उपेन्द्र कुमार राम र सोलु कुमार रौनियारलाई साँझको समयमा शंकित रुपमा कम्प्युटरको DELL लेखिएको CPU, Key-board, Mouse र राउटर लिई भारत तर्फ जाने क्रममा रोकी तपाईहरुको घर हो ? यो कम्प्युटरको सामानहरु कहाँबाट लिई आउदैं हुनुन्छ ? यो कम्प्युटरको सामानहरु के कसको हो ,किन भारत तर्फ लिई जादै हुनुहुन्छ भनि सोधपुछ गर्दा निजहरु एक्कासी रिश आवेशमा आई तपाई को हो ? तपाईलाई के मतलब ? हामी यो कम्प्युटरको सामानहरु जहाँबाट ल्याई जहाँ सुकै जाउँ भन्दै आक्रोश देखाउदै खटिएको प्रहरी टोलीलाई वादविवाद, गाली गलौज तथा हातपात समेत गर्न खोजी प्रहरीको काम कर्तव्यमा बाधा अवरोध खडा गरी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी बिभिन्न किसिमका अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी प्रहरीलाई अभद्र ब्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु सोलु कुमार रौनियार र उपेन्द्र कुमार रामलाई कैद दिन २२ र जरिवाना जनही रु.५००/- अक्षरेपी पाँच सय  मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु सोलु कुमार रौनियार र उपेन्द्र कुमार रामलाई ठहरेको कैद दिन २२ को हकमा निजहरु मिति २०८१/०७/२५ देखि २०८१/०८/१६ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा जनही रकम रु.५००/- असुल उपर गर्नु ---------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु---------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ मंसिर महिना १७ गते सोमवार रोज २/ ने.सं. ११४५ थिंलाध्व पारु, शुभम् .......